नागार्जुन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड (१), काठमाडौं भाद्र १ गते, २०७५ साल (संख्याः ४)

## भाग २
## नागार्जुन नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नागार्जुन नगरपालिकाको नगरकार्यपालिका तथा नगरसभाबाट मिति २०७५/०३/१० मा पारित एवं स्वीकृत कार्यविधि प्रकाशन गरिएको छ ।

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को देहाय खण्ड छ (१०) ले दिएको अधिकार प्रयोग गरि नागार्जुन नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

२. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्थाः**

१. सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको/सम्बन्धमा सिभिल इन्जिनीयर/ सव ईन्जिनीयर सहित ३ सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

३. दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिसि सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

४. (४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/ कम्पनीहरूको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची- २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची- ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

३. **इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्तसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरूप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित

नगरपालिकाबाट अनुसूची- २ बमोजिम दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची- ४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची - ४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सवै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची -२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

४. **इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

(५) ईजाजत प्रमाणपत्र लिई वा नविकरण गरी २ वर्ष सम्म कुनै पनि काम नगरेको,

५. **<u>इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः</u>**

क) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची- २ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

६. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. **<u>शुल्क लिने व्यवस्था सम्बन्धमाः</u>**

- नयाँ दर्ता शुल्कः- २५,०००/- (पच्चीस हजार)
- नविकरण शुल्कः- १०,०००/- (दश हजार)
- ईजाजत नविकरण थप शुल्कः- २०,०००/- (बीस हजार)
- प्रतिलिपि शुल्कः- ५,०००/- (पाँच हजार)

८. **<u>बचाउः</u>**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूची - १**

**कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित**

**<u>ईजाजतपत्रको लागि दिइने दरखास्त</u>**

**विषयः <u>इजाजतपत्र पाउँ भन्ने बारे ।</u>**

श्री नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं ।

यस नागार्जुन नगरपालिका कार्यालयको कार्यविधि २०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

(१) दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः

नामः

ठेगानाः

पोष्ट बक्सः

टेलिफोन नं. फयाक्स नं.-

ईमेलः-

(२) फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा (√) लगाउनु पर्नेछ)

(३) सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः-

नाम थरः

ठेगानाः पोष्ट बक्सः

ईमेलः-

टेलिफोन नं.

(४) फर्म वा कम्पनीको विवरणः

दर्ता नं. दर्ता मितिः

अधिकृत पूँजीः जारी पूँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

(५) इजाजतपत्र लिन चाहेको वर्गः (घ) वर्ग

(६) समूहीकरण हुन चाहेको समूहः

(७) आर्थिक श्रोतको विवरणः

| | **रकम** | **वित्तीय संस्था/बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

(८) कामदारको विवरणः

(क) प्राविधिकः

(ख) अप्राविधिकः

(ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

(९) आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः-

| **सि.नं.** | **नाम तथा विवरण** | **दर्ता नं.** | **क्षमता संख्या** | **मुल्य** | **खरिद मिति** | **अन्य व्यहोरा** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्यः** यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

(१०) यस अघि सम्पन्न गरेको कामको विवरणः

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(११) करचुक्ता गरेको प्रमाण कागजातः

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छापः

दरखास्तवालाकोः-

दस्तखतः

मितिः-

**द्रष्टव्यः** यस दरखास्त फारमसाथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची - २

**कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | २५,००० | १०,००० | २०,००० | ५,००० |

अनुसूची - २

(कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### ईजाजतपत्र

ईजाजतपत्र नं..........................

मितिः-........................................

### नागार्जुन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

“घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ..................................स्थित कार्यालय भएको..............................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेकोः

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

नविकरणः-

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-**

# अनुसूची - ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | **Variation** को विवरण (यदि भएमा) | प्रति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम<br>..................<br>ख.सम्झौता मितिः<br>.........……......<br>ग.ठेक्का अवधि<br>.......……........ | क.नामः<br>..............<br>ख.पदः<br>...............<br>ग.हस्ताक्षरः<br>.........…….........<br>घ.छापः<br>............……...... | क.थप समयः<br>क.नामः<br>..................<br>ख.पदः<br>.................<br>ग.हस्ताक्षरः<br>.......................<br>घ.निर्णय मितिः<br>.......................<br>छापः........... | क. Variation पछिको Contract Amount<br>क. Variationको निर्णय गर्ने पदाधिकारीको नाम<br>............……..<br>ख.पदः<br>................<br>ग.हस्ताक्षरः<br>..................<br>घ.छापः<br>.................... | क.सम्पन्न रकमः<br>...……........<br>ख.सम्पन्न मितिः<br>...……...........<br>ग.सम्पन्न%<br>घ.नामः<br>.......…..........<br>पदः<br>.........….......<br>हस्ताक्षर<br>.......…...........<br>छापः<br>................ | क.अन्तिम ठेक्का रकमः<br>......……….......<br>ख.सम्पन्न मितिः<br>...…….…..........<br>ग.नामः<br>...……...........<br>पदः<br>......……........<br>हस्ताक्षरः<br>......…….......<br>छापः<br>...………........... | |

## अनुसूची - ५

## <u>"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता</u>

१. **आर्थिक क्षमताः** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रूपैंयाको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरणः**
   (क) ट्रिपर/ट्याक्टर (एक/एक थान)
   (ख) मिक्सर (एक थान)
   (ग) Theodolite/Level Machine (एक सेट)
   (घ) वाटर पम्प (तिन थान)
   (ङ) भाइब्रेटर (तिन थान)

**<u>द्रष्टव्यः</u>**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बिमा गरेको कागजातहरू पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठिक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले,**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

**नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-**

**नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-**